(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल चैत्र देखि २०८२ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

## (स्वत: प्रकाशन)


लुम्बिनी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## बिषयसूची


| | | |
|---|---|---|
| १. | मन्त्रालयको परिचय | १ |
| २. | मन्त्रालयको कार्यविवरण | १-२ |
| ३. | मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरणर मन्त्रालय अन्तर्गत रहेका संरचना | ३-४ |
| ४. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | ५ |
| ५. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ५ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | ६-७ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद | ८ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण | ८-१० |
| १२. | मन्त्रालयको वेवसाइट | १० |
| १३. | मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | १० |
| १४. | मन्त्रालयमा सूचना माग सम्वन्धी निवेदन | ११ |
| १५. | मन्त्रालयले गरेका सूचना सम्वन्धी कामहरु | ११ |
| १६. | मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | ११-१२ |

## १. मन्त्रालयको परिचयः

मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गते बाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९ असार ३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको र मिति २०८० श्रावण १ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम भएकोमा पुनः लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८१/०१/०६ को निर्णयानुसार नाम परिवर्तन भइ आर्थिक मामिला तथा योजना मन्त्रालय नै कायम भएको छ।

## २. मन्त्रालयको कार्य विवरणः


- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा बैदेशिक सहयोग, बैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरिय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सह-वित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन
- प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परिक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन

- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदणड तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन
- प्रदेशको आर्थिक मामिला सम्बन्धी अन्य कार्यहरु।

## ३. मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचनाः

# आर्थिक मामिला तथा योजना मन्त्रालय

संगठन संरचना



**ख. मन्त्रालयको दरबन्दीविवरण**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ती |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ |
| २ | अधिकृतस्तर | प्रशासन | राजश्व | नवौं/दशौं | २ | १ |
| ३ | अधिकृतस्तर | प्रशासन | सा.प्रशासन | नवौं/दशौं | २ | १ |
| ४ | अधिकृतस्तर | प्रदेश प्रशासन | प्रशासन | सातौं/आठौं | ६ | ३ |
| ५ | अधिकृतस्तर | प्रदेश प्रशासन | राजश्व | सातौं/आठौं | ६ | ० |
| ६ | अधिकृतस्तर | प्रदेश प्रशासन | लेखा | सातौं/आठौं | १ | १ |
| ७ | अधिकृतस्तर | न्याय | कानून | सातौं/आठौं | १ | ० |
| ८ | अर्थशास्त्री | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| ९ | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन | तथ्याङ्क | सातौं/आठौं | १ | १ |
| १० | कम्प्यूटर इन्जिनियर | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| ११ | कम्प्यूटर अधिकृत | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | १ |
| १२ | अधिकृतस्तर | प्रदेश प्रशासन | प्रशासन | पाँचौ/छैटौं | ५ | ४ |
| १३ | अधिकृतस्तर | प्रदेश प्रशासन | राजश्व | पाँचौ/छैटौं | ६ | ३ |
| १४ | कम्प्यूटर अपरेटर | प्रदेश प्रशासन | | पाँचौ/छैटौं | ३ | २ |
| १५ | अधिकृतस्तर | प्रदेश प्रशासन | लेखा | पाँचौ/छैटौं | १ | ० |
| १६ | ह.स.चा. | ईन्जिनियरिङ | मे.ई/ज.मे.ई. | तहविहीन | ४ | ४ |
| १७ | का.स. | प्रदेश प्रशासन | सा.प्रशासन | तहविहीन | ६ | ६ |
| **जम्मा** | | | | | **४८** | **२८** |

ग. मन्त्रालय र अन्तर्गत रहेका संरचनाः

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

↓

**प्रदेश लेखा नियन्त्रक कार्यालय, दाङ**

## ४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| **महाशाखा** | **शाखा** | **महाशाखा प्रमुख** | **शाखा प्रमुख** |
|---|---|---|---|
| बजेट योजना तथा कार्यक्रम | बजेट तथा कार्यक्रम | उपसचिव<br>अमित पौडेल | बरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| प्रशासन महाशाखा | कर्मचारी प्रशासन | उपसचिव<br>लाल बहादुर गुरुङ्ग | बरिष्ठ शाखा अधिकृत माधव पोखेल |
| | आर्थिक प्रशासन | | लेखा अधिकृत धर्मेश यादव |
| | कानून तथा फैसला कार्यान्वयन | | |
| बित्त व्यवस्थापन | राजश्व व्यवस्थापन | उपसचिव<br>अमित पौडेल | बरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| | वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय | | बरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| | सूचना प्रविधि | | बरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण | आर्थिक विश्लेषण | उपसचिव<br>लाल बहादुर गुरुङ्ग | बरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | बित्तीय क्षेत्र व्यवस्थापन | | |
| | | | |

## ५. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयको कार्यजिम्मेवारी/कार्यविवरण अनुसार कार्यसम्पादन गर्ने। मन्त्रालयबाट सूचना माग सम्वन्धी सेवा सूचनाको हकसम्वन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ। मातहत कार्यालयहरुबाट हुने गरेको

क्रियाकलापहरुमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो विरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

**६.१ सेवा प्राप्त गर्न लाग्ने दस्तुरः**

सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

**६.२ सेवा प्राप्त गर्न लाग्ने अवधिः**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

**७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने ।

**८. गुनासो सुन्ने अधिकारीः** उप-सचिव श्री अमित पौडेल

**९. सम्पादन भएका मुख्य मुख्य कामको बिवरणः**

**पछिल्लो एक वर्षको मुख्य उपलब्धिहरुः**

१. वार्षिक बजेट निर्माण
२. वार्षिक र अर्धवार्षिक समीक्षा
३. वार्षिक प्रतिवेदन, अर्धवार्षिक मूल्यांकान प्रतिवेदन र आर्थिक सर्वेक्षण प्रकाशन
४. गत आर्थिक वर्षको सृजित दायित्वहरूको भुक्तानीमा सहजीकरण
५. राजस्व सुधार कार्यदलको प्रतिवेदन तर्जुमा
६. विषयगत मन्त्रालयका बजेट कार्यान्वयनमा सहजीकरण (राय/सहमति, संशोधन/रकमान्तर)
७. बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ तर्जुमा
८. समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०८२ संशोधन
९. प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन ,२०८१
१०.सामयिक कर असुली ऐन ,२०८२
११.आगामी आर्थिक वर्षको आय व्यय प्रक्षेपण, स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण
१२.राजस्व तथा अनुदान सम्बन्धमा स्थानीय तहसँग अन्तरक्रिया
१३.बजेट तर्जुमा सम्बन्धमा प्रदेश सभा सदस्यहरूसँग अन्तरक्रिया
१४. विनियोजन विधेयकको सिद्धान्त तथा प्रथमिकता तर्जुमा

१५. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, व्यय अनुमान तर्जुमा तथा प्रदेश सभामा पेस
१६.आर्थिक वर्ष २०८२/८३ को आर्थिक तथा विनियोजन विधेयक तर्जुमा तथा प्रदेश सभामा पेस
१७.प्रदेशका कार्यलयहरूमा लेखा समूहका कर्मचारीहरूको व्यवस्थापन
१८.बहुवर्षीय आयोजना ठेक्का सम्बन्धी मापदण्ड ,२०८१
१९.बहुवर्षीय आयोजना ठेक्का सम्बन्धी मापदण्ड ,२०८१ को पहिलो संशोधन
२०.प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन ,२०८१
२१.प्रदेश अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पदः

| | |
|---|---|
| प्रमुख | सचिव श्री डिलाराम पन्थी |
| प्रवक्ता तथा गुनासो सुन्ने अधिकारी | उपसचिव श्री अमित पौडेल |
| सूचना अधिकारी | वरिष्ठ शाखा अधिकृत श्री माधव पोखेल |

## ११.आम्दानी तथा खर्चको अद्यावधिक विवरणः

**आर्थिक वर्ष २०८१/०८२ को लुम्बिनी प्रदेशको आयको प्रारम्भिक विवरण**

| क्र.सं. | राजस्व शिर्षक | बार्षिक लक्ष्य रु. | प्रगति रु. | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| संघबाट प्राप्त हुने अनुदान | | | | | |
| १३३११ | वित्तिय समानीकरण अनुदान | ८,२८६,४००,०००.०० | ७,६०३,६००,६४०.०० | ९१.७६ | |
| १३३१२/१३३२१ | सशर्त अनुदान | ४,१९३,३००,०००.०० | २,८१०,२८८,२७९.२५ | ६७.०२ | |
| १३३१३/१३३२२ | विशेष अनुदान | ७४४,६००,०००.०० | ३३८,८९०,०३९.७४ | ४५.५१ | |
| १३३१४/१३३२३ | समपूरक अनुदान | ७९५,०००,०००.०० | ३३१,२५८,४८३.४६ | ४१.६७ | |
| | जम्मा | १४,०१९,३००,०००.०० | ११,०८४,०३७,४४२.४५ | ७९.०६ | |
| संघबाट प्राप्त हुने राजश्व बाँडफाँड | | | | | |
| 11411 | मूल्य अभिवृद्धि कर | ९,०११,२५०,०००.०० | ७,८९७,९५८,६२३.७९ | ८७.६५ | |
| 11421 | अन्त शुल्क | ३,००३,७५०,०००.०० | २,८२६,१९२,३८२.६७ | ९४.०९ | |
| जम्मा | | १२,०१५,०००,०००.०० | १०,७२४,१५१,००६.४६ | ८९.२६ | |
| संघबाट प्राप्त हुने रोयल्टी | | | | | |
| १४१५३ | वन सम्बन्धी रोयल्टी | ९१,२५२,०००.०० | ३०,८३१,०४४.१० | ३३.७९ | |
| १४१५४ | खानी तथा खनिज रोयल्टी | १८०,७२६,०००.०० | १०२,४८२,११९.३७ | ५६.७१ | |
| १४१५६ | विद्युत सम्वन्धी रोयल्टी | २२९,६९१,०००.०० | ६४,३९२,७८३.४८ | २८.०३ | |
| १४१५८ | पर्वतारोहण वापतको रोयल्टी | ४२,०००.०० | १०८,३०१.७४ | २५७.८६ | |
| जम्मा | | ५०१,७११,०००.०० | १९७,८१४,२४८.६९ | ३९.४३ | |
| प्रदेशको आन्तरिक राजश्व | | | | | |
| ११११४/१११३६ | कृषि आयमा लाग्ने कर | ५,२६१,०००.०० | ५,४८०.०० | ०.१० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४१५१ | सरकारी सम्पतीको वहालबाट प्राप्त | ७,८३२,०००.०० | १,६१८,७८७.८० | २०.६७ | |
| १४१५९ | अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | - | ४,९१७,०८३.५७ | | |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | ४६,९९४,०००.०० | १७,०२०,५३४.१३ | ३६.२२ | |
| १४२१२ | सरकारी सम्पतीको विक्रिबाट प्राप्त | २,६११,०००.०० | ३५६,९५०.०० | १३.६७ | |
| १४२१३ | अन्यविक्रीबाट प्राप्त रकम | २६,०००.०० | ७१३.०० | २.७४ | |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | १०२,०००.०० | १६,३००.०० | १५.९८ | |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | ९१४,०००.०० | १५२,३१५.३० | १६.६६ | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ७८३,०००.०० | ११८,४५०.०० | १५.१३ | |
| १४२२४ | परीक्षा शुल्क | ३२४,१५२,०००.०० | ३३,३४९,३८४.५६ | १०.२९ | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ३९१,६२०,०००.०० | २३५,२६०,९७२.०० | ६०.०७ | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५२,७३२,०००.०० | ७३,११०,१२८.९४ | ४७.८७ | |
| १४२४९ | अन्य दस्तुर | - | - | | |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २४८,०२६,०००.०० | ८०,१७८,४१९.०० | ३२.३३ | |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | - | २०,०००.०० | | |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | ८५६,०००.०० | १६०,०००.०० | १८.६९ | |
| १४२५६ | चालक अनुमति पत्र र सवारी | १,९५२,०००,०००.०० | ८०४,८३३,०१८.०० | ४१.२३ | |
| १४२६४ | वन क्षेत्रको आय | १,३३२,२५२,०००.०० | ४१३,२९७,५४३.९० | ३१.०२ | |
| १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | ९८०,०००.०० | १९५,९६२.०० | २०.०० | |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ६२,५२८,०००.०० | ३०,७२२,३२५.५६ | ४९.१३ | |
| १४३१३ | धरौटी सदरस्याहा | ५,९७२,०००.०० | ५,५५९,५०५.२३ | ९३.०९ | |
| १४५२९ | अन्य राजस्व | २,८२४,०००.०० | १९,१०३,३७९.०० | ६७६.४७ | |
| १५१११ | बेरुजु | १७३,६१८,०००.०० | ८९,३८८,४५६.२५ | ५१.४९ | |
| १५११२ | निकासा फिर्ता | - | ९७,२६३,४६६.८४ | | |
| १५११३ | अनुदान फिर्ता | - | २३,४२१,५८८.६८ | | |
| १५११६ | समपूरक अनुदान फिर्ता प्राप्ति | - | २००,०००.०० | | |
| | जम्मा | ४,७१२,०८३,०००.०० | १,९३०,२७०,७६३.७६ | ४०.९६ | |
| ३३१४२ | आन्तरिक ऋण जम्मा | - | - | | |
| | जम्मा | ४,७१२,०८३,०००.०० | १,९३०,२७०,७६३.७६ | ४०.९६ | |
| प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (प्रदेशले संकलन गर्ने) | | | | | |
| ११४५६ | सवारी साधन कर | २,८००,०००,०००.०० | १,८५६,१३०,८७४.८० | ६६.२९ | |
| प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (स्थानीय तहले संकलन गर्ने) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३१५ | घरजग्गा रजिष्ट्रशन दस्तुर | २,२९७,५००,०००.०० | १,३९०,६७३,००४.९८ | ६०.५३ | |
| ११४७१ | मनोरञ्जन कर | ११,२९३,०००.०० | ६,७०४,८३८.६२ | ५९.३७ | |
| ११४७२ | विज्ञापन कर | १८,११३,०००.०० | ९,४०२,३४३.७६ | ५१.९१ | |
| १४१५७ | दहत्तर बहत्तरको विक्रि आय | ५९५,०००,०००.०० | ४६५,२३९,६२०.९१ | ७८.१९ | |
| जम्मा | | २,९२१,९०६,०००.०० | १,८७२,०१९,८०८.२७ | ६४.०७ | |
| 32121 | गत वर्षको मौज्दात | २,०००,०००,०००.०० | ८०५,०५९,४१२.२२ | ४०.२५ | |
| | कुल जम्मा | ३८,९७०,०००,०००.०० | २८,४६९,४८३,५५६.६५ | ७३.०५ | |

**आर्थिक वर्ष २०८१/०८२ को मन्त्रालयगत खर्चको प्रारम्भिक विवरण (सुरु विनियोजनका आधारमा) (रु. करोडमा)**

| क्र. सं. | मन्त्रालय/केन्द्रिय निकाय | चालु खर्च | | | पुँजीगत खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| १ | प्रदेश सभा | २२.५० | १९.०६ | ८४.७३ | ५.०० | ४.१५ | ८२.९२ | २७.५० | २३.२१ | ८४.४० |
| २ | प्रदेश लोक सेवा आयोग | ८.३० | ७.७० | ९२.८० | ०.७० | ०.३७ | ५३.५० | ९.०० | ८.०८ | ८९.७४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६०.६७ | २३.५६ | ३८.८३ | ३.९२ | ०.८७ | २२.२६ | ६४.५९ | २४.४३ | ३७.८३ |
| ४ | आर्थिक मामिला मन्त्रालय | ९.५० | ६.४७ | ६८.११ | ०.५० | ०.३५ | ६९.९२ | १०.०० | ६.८२ | ६८.२० |
| ५ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | ६२.४८ | ३५.२२ | ५६.३७ | ८१.९९ | ५४.६१ | ६६.६० | १४४.४७ | ८९.८३ | ६२.१८ |
| ६ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | २५.९५ | १८.३५ | ७०.७३ | ३०१.१४ | २३३.४४ | ७७.५२ | ३२७.०९ | २५१.७९ | ७६.९८ |
| ७ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १६.९० | ०.८१ | ४.७९ | १.१५ | ०.२९ | २५.०८ | १८.०५ | १.१० | ६.०८ |
| ८ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १३८.१९ | ९४.७१ | ६८.५४ | ९.७२ | ५.७९ | ५९.५३ | १४७.९१ | १००.५० | ६७.९५ |
| ९ | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | २८.०५ | १८.४४ | ६५.७५ | १७.७४ | ९.८६ | ५५.५९ | ४५.७९ | २८.३१ | ६१.८२ |
| १० | वन तथा वातावरण मन्त्रालय | ११५.०४ | ८५.७३ | ७४.५२ | ११०.३२ | ६२.४३ | ५६.५९ | २२५.३७ | १४८.१६ | ६५.७४ |
| ११ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४५.१५ | २९.६१ | ६५.५७ | १००३.६१ | ६७२.२४ | ६६.९८ | १०४८.७६ | ७०१.८५ | ६६.९२ |
| १२ | खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | २५.९३ | १७.५२ | ६७.५६ | ५१५.०१ | ४३९.८१ | ८५.४० | ५४०.९४ | ४५७.३३ | ८४.५४ |
| १३ | सामाजिक विकास मन्त्रालय | १६९.३७ | १२६.५० | ७४.६९ | ११५.०५ | ७५.२९ | ६५.४४ | २८४.४२ | २०१.७८ | ७०.९५ |
| १४ | स्वास्थ्य मन्त्रालय | ३१८.०९ | २५७.८८ | ८१.०७ | २५७.४९ | २३१.६६ | ८९.९७ | ५७५.५८ | ४८९.५४ | ८५.०५ |
| १५ | प्रदेश योजना आयोग | २.७८ | १.१९ | ४२.८६ | ०.२५ | ०.०२ | ८.५२ | ३.०३ | १.२१ | ४०.०६ |
| १६ | अर्थ – विविध | ७५.३८ | ०.०० | ०.०० | ३५.०० | ०.०० | ०.०० | ११०.३८ | ०.०० | ०.०० |
| ***जम्मा*** | | ११२४.२८ | ७४२.७६ | ***६६.०७*** | २४५८.५९ | १७९१.१७ | ***७२.८५*** | ३५८२.८७ | २५३३.९३ | ***७०.७२*** |
| १७ | स्थानीय तह | ३१४.१३ | २७५.३८ | ८७.६६ | ०.०० | ०.०० | ०.०० | ३१४.१३ | २७५.३८ | ८७.६६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कूल जम्मा** | १४३८.४१ | १०१८.१४ | **७०.७८** | २४५८.५९ | १७९१.१७ | **७२.८५** | ३८९७.०० | २८०९.३१ | **७२.०९** |

## १२. मन्त्रालयको वेवसाइटः

अर्थ मन्त्रालयको वेवसाइटः www.moeap.lumbni.gov.np

## १३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरणः

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाइटमा नियमित प्रकाशन हुने गरेको, महत्वपूर्ण सूचनाहरु पुस्तक प्रकाशन भएको ।

## १४. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदनः

सूचना माग भएका निवेदनका सम्वन्धमा प्रचलित ऐन, नियमावली बमोजिम सूचना उपलव्ध गराइएको ।

## १५. मन्त्रालयले गरेका सूचनासम्वन्धी कामहरुः

- महत्वपूर्ण सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गरेको ।
- ऐन, कानून सम्वन्धी पुस्तकहरु प्रकाशन गरेको ।
- माग भए बमोजिमका सूचनाहरु लिखित वा मौखिक रुपमा सम्प्रेषण गरेको ।

## १६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था

### क. आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धितः

१. प्रदेश आर्थिक कार्यविधि ऐन ,२०७४

२. सञ्चित कोष सञ्चालन कार्यविधि ,२०७४

३. सालवसाली रुपमा बन्ने प्रदेश विनियोजन ऐन र आर्थिक ऐन

४. प्रदेश वित्त व्यवस्थापन ऐन ,२०७५

५. कर तथा गैरकर राजस्व सम्बन्धी ऐन ,२०७५

६. प्रदेश आकस्मिक कोष सञ्चालन ऐन ,२०७५

७. तथ्याङ्क ऐन ,२०७५

८. सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली ,२०७६

९. मनोरञ्जन कर नियमावली ,२०७६

१०. विज्ञापन कर नियमावली ,२०७६

११. प्रदेश तथ्याङ्क नियमावली ,२०७६

१२. सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका ,२०७९

१३.प्रदेश घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति (गठन तथा कार्यसञ्चालन) आदेश ,२०७६
१४.विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि ,२०७६
१५.समपूरक अनुदान व्यवस्थापन कार्यविधि ,२०७८